
# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

यशोधराले आफ्ना पुत्र राहुललाई भगवान् बुद्धको परिचय दिनुहुँदै ।

**वर्ष-३९; अङ्क-८** **बु.सं. २५६५, सकिमना पुन्हि**



# निग्रोध मृग जातक

✍ **प्रकाश बज्राचार्य**

शिकारीलाई शिकारको मतलब हुन्छ अरू केहीको चासो हुँदैन। मनोरञ्जन देख्छ उसले शिकार गर्नुमै। उसलाई आफ्नो कर्तव्यको चासो हुँदैन। उसलाई अरूको कामको चासो हुँदैन। उसलाई निर्दोष जीवनहरूको ज्यानको चासो हुँदैन। शिकार गर्नु एक नशा हो शिकारीको।

बनारशको त्यो राजा पनि ठूलो शिकारी थियो। आफ्नो काम, अरूको कामभन्दा शिकारीको काम नै ठूलो हुन्थ्यो, उसको लागि। बेला न कुबेला जनताहरू भेला गरी जङ्गलमा शिकार गर्न जाने गर्थ्यो। र शिकार थिए मृगहरू।

जनताहरू दिक्क भइसकेका थिए। कामकाज छाडी सधैं राजाको पछि पछि लागि मृगहरू खोज्न जानाले उनीहरूलाई दाना पानी जुटाउन पनि गाह्रो भएर आयो। तब परस्पर सल्लाहा गरी सबैजना मिली जङ्गलमा गई मृगहरू सबैलाई घेरा पारी तिनीहरूलाई धपाउँदै राजाको उद्यानमा ल्याइदिए। राजालाई खबर दिइयो। हेर्न आए। सबै मृगहरू उसको उद्यानमा थिए।

ती मृगहरूमा दुई सुनौला थिए, आकर्षक थिए, लोलालु थिए। दुबै राजा थिए। उद्यानमा दुई समूहका मृगहरूमा हरेक समूहको राजा सुनौला मृग थिए। राजाले दिनहुँ एउटा मृग मार्ने हुकुम दिए, तर ती दुई सुनौला मृगहरूलाई चाहिं कसैले नमार्नु भनेर घोषणा गरे। अब राजालाई शिकार जानु परेन। दिनहुँ एउटा मृगलाई मारी उसको अगाडि ल्याइदिन्थ्यो।

दिनको एउटा मृग मारिनथाल्यो। जो भेटियो उसैलाई मारिने भयो। कुनै पनि मृग कति दिन बाँच्ने ती कसैलाई थाहा नहुने भयो। मृगहरूको भविष्य अनिश्चित भयो। सधैं डराएर, तर्सिएर दिन बिताउने बाहेक अरू केही नगर्ने भए। तब दुई सुनौला मृगहरू आपसमा सल्लाह गरे। दिनको एउटा मृग आफैले छानी मार्न पठाउने निधो गरे। पालैपालो गरी दुई समूहका मृगका बथानहरूबाट मर्ने मृग छानिने भयो।

त्यो दिनदेखि आ-आफ्नो पालोमा मृगहरू सरासर गएर उद्यानको छेउमा मृग काट्नलाई बनाएको वेदीमा टाउको राख्न जान्थे। कसाइँले आई आरामसंग टाउको काटिदिन्थ्यो। मर्ने पालो एकदिन एक समूहको मृगको अर्को दिन अर्को समूहको मृगको आउन थाल्यो।

यसरी धमाधम मृगहरू काटिन थालियो।

एकदिन। मर्ने पालो आयो एउटी पेट बोकेकी मृगणीको। मृगणीलाई आफ्नोभन्दा पेटभित्र रहेको बच्चाको ज्यानको माया लाग्यो। उनले गई आफ्नो राजा सुनौला मृगकहाँ भन्न गई, "राजन ! म दुई जिउकी छु। आज मेरो मर्ने पालो। तर मलाई मार्‍यो भने मेरो बच्चा पनि मर्ने छ। दुईवटा प्राण एकैदिन जानेछ। मेरो बच्चाले संसार कस्तो हो नदेखिकनै, जन्मन नपाउँदै मर्नु पर्नेछ। त्यसैले, महाराज, मेरो आजको मर्ने पालो सारिदिनुस्। मेरो सातो कुनै अर्कोलार्य मर्न पठाउनुस्।"

"तेरो पालो आएको तैं जानुपर्छ। तेरो मर्ने पालोमा को जान्छ र मर्न ? तँलाई जसरी प्राणको माया छ, अरूलाई छैन र ? म राजा हुँ, भेदभाव कसरी राखौं। आज तँलाई नपठाउँ, भोलि अर्कोले त्यसै भन्न आउला। तैं जानुपर्छ।" राजाले भन्यो। उ निर्दयी थियो। राजा भएता पनि प्रजाको दुःख बाँडिलिन चाहँदैनथ्यो।

त्यो मृग–राजालाई भनेर केही शीप नलाग्ने देखी मृगणी देस्रो मृग समूहको सुनौला राजाकहाँ बिन्ती गर्न गई, "महाराज ! म अर्को समूहको मृगणी हुँ। म गर्भिणी छु। पेटमा बच्चा छ। निर्बोध निर्दोष बच्चा। आज मर्न जाने पालो पनि मेरो। म मरें भने मेरो बच्चा पनि मर्नेछ। त्यसैले मेरो ठाउँमा आज कुनै अर्को मृगलाई मर्न पठाउनुस्। म कृतज्ञ हुनेछु। तपाइँको भलो हुनेछ।"

*( क्रमशः २ पेजमा हेर्नुहोला )*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२१

बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |



# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**19th NOV 2021**

| वर्ष- ३९ | अङ्क- ८ | सकिमना पुन्हि | मंसिर २०७८ |
|---|---|---|---|


जीरन्ति वे राजरथा सुचिता

अथो सरीरम्पि जर उपेति

सतञ्च धम्मो न जरं उपेति

सन्तो हवे सब्भि पवेदयन्ति ।

बाँलक सुशोभित यानातःगु जुजुया रथ जीर्ण जुयावनीगु थें थ्व शरीर नं न्ह्याको हे रक्षा यानात:सां जीर्ण जुयावनी । तर तथागतपिनि सत्य धर्म जीर्ण ज्वी मखु धकाः सन्तजन, पण्डित जनपिसं धाई ।

सुसज्जित राजाको रथ जीर्ण भएर गए जस्तै यो शरीर (देह) पनि जीर्ण भएर गइरहेको छ । तर साधु, सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ।

Even the gorgeous chariots of kings are worn out in the end. It is the same with this body which at last is worn out with age, but the true law is never worn out and so one sage can pass it on to another.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **सम्पादकीय - साँचो विजय** | – | ३ |
| ३) | **शाक्यहरूको माझमा बुद्ध** | – **भुवनलाल प्रधान** | ४ |
| ४) | **स्वेतगौं चैत्य–४** | – **जवनवती गुरुमां** | ७ |
| ५) | **धर्मकीर्ति संरक्षण कोषको वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रगति प्रतिवेदनहरूको बाँकी अंश ...** | – | ९ |
| ६) | **धर्मकीर्ति विहारय् महापरित्राण पाठ सम्पन्न** | – | १२ |
| ७) | **२६०४ औं संकाश्य दिवसको उपलक्ष्यमा दीप प्रज्वलन** | – | १५ |
| ८) | **दिनभर अभिधर्म पाठ सम्पन्न** | – | १६ |
| ९) | **धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना** | – | १७ |
| १०) | **निग्रोध मृग जातक** | – **प्रकाश बज्राचार्य** | **(अगाडि कभरको भित्री)** |


**निग्रोध मृग जातकको बाँकी अंश ...**

सुनौला मृगले मृगणीको आँशु भरिएका दयनीय आँखाहरूमा एकैछिन घोरिएर भन्यो– “ठीक छ । तिमी जाऊ । म कुनै अर्को मृगलाई तिम्रो ठाउँमा पठाइदिन्छु ।”

“हजुरको जय होस् !” भन्दै मृगणीले आफ्नो बाटो तताई ।

शाही कसाँई तीन छक्क परे । हत्तनपत्त हातको खुकुरी त्यहीं हुत्याई दौडेर गई राजालाई भन्न गए । राजा पनि हतार-हतार गर्दै उद्यानमा आई हेर्न आए ।

मृग काट्ने वेदीमाथि टाउको राखी आँखा चिम्ली बसिराखेको थियो । सुनौला मृग । राजालाई औधि मनपर्ने सुनौला मृग आफै मर्न आएको थियो । राजा पनि चकित भयो ।

राजाले सोधे, “सुवर्ण मृग ! तिमी किन मर्न आएको ? मैले त तिमीलाई अभय दान दिन आएको थिएँ ।”

आँखा पुलुक्क उधारी सुनौला मृगले भन्यो– “राजन ! आज मर्ने पालो अर्को समूहकी एउटी गर्भ बोकेकी मृगणीको थियो । उनले मकहाँ उनको सातो कुनै अर्को मृगलाई पठाइदिन याचना गर्न आई । मर्ने पालो म अरू कसलाई दिउँ ? कोही पनि त मर्न चाहँदैनन् । त्यसैले म आफै मर्न आएको हुँ ।”

राजा प्राभावित भए । भने–“तिमी धेरै दयालु रहेछौ । भैगो मैले ती गर्भिणी मृगलाई पनि जीवन दान दिएँ । अब तिमी जाऊ ।”

“तर म त राजा हुँ । मेरो जनता एक एक गरी दिनहुँ मर्न जान परेको हेर्नुपर्छ मैले । आजको जस्तो अवस्था भविष्यमा आउँदैन भन्न सकिंदैन । त्यसैले मलाई आजै मार्नुस् ।” सुनौला मृगले फेरि थप्यो ।

राजा साँच्चै प्रभावित भयो । सुनौला मृगको आफ्नो जनता प्रतिको करुणा देखी मोहित भयो । र राजाले निर्णय गरे कि आइन्दा कुनै पनि मृगलाई मार्ने छैन, निर्दोष जीवनहरूको हत्या गर्ने छैन, शिकार गर्ने छैन ।

यो जातक कथा भगवान् बुद्धले कुमार काश्यपको आमाको सम्बन्धमा भन्नुभएको थियो । यसमा आफ्नो ज्यान दिएर पनि मृगणीको प्राण बचाउन खोज्ने सुनौला मृग स्वयं बोधिसत्व थिए । ■

**बुद्धहरूको मूल शिक्षा**

“सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा; सचित्त परियोदपनं एतं बुद्धान सासनं”

अर्थ- **“कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।”**

**Not To Do Evil, To Cultivate Merit, To Purify One’s Own Mind.**

*भावार्थ- **“पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन। मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ।”***

## ▪ सम्पादकीय ▪


# साँचो विजय

एक व्यक्तिले अर्को व्यक्ति माथि बदला लिने मनसायले विजय प्राप्त गर्ने कार्यलाई बुद्ध शिक्षा अनुसार साँचो विजय भन्न मिल्दैन । जब कसैले आफ्नो मनका कुभावनाहरू हटाई शुद्ध र निःश्वार्थ परोपकारी मार्गमा लाग्ने कार्य गर्छ, त्यही व्यक्ति मात्र साँचो अर्थमा विजयी बन्नेछ । बाहिरी शत्रुलाई हतियार र हिंसा बलले जितेर कति जित्नु ? एउटालाई ढाल्न पाउँदैन अर्को शत्रु खडा भइसक्छ । हिंसा बलले शत्रु पराजय गर्ने मनसाय जबसम्म आफ्नो मनमा रहन्छ, तबसमम मनमा शान्तिले ठाउँ लिन सक्दैन । यस्तो जीत र पराजयको भावनाले हामीलाई अशान्तिको खाल्डोमा जाकिरहेकै हुन्छ । यसरी हामीले आफ्नो बाँच्न पाउने चारदिनलाई पनि यही अशान्तिको खाल्डोमा खसाल्दै बितायौं भने हाम्रो जीवनको औचित्य नै के रह्यो र ? एकदिन मर्ने लक्ष्य लिएर यस संसारमा जन्मेका हामी हारजीतको चक्रमा फसिसकेपछि भ्रममा पर्ने गर्छौं । फलस्वरूप सदाको लागि बाँच्न पाउने मृग तृष्णामा परी तँ तँ र म म गर्दै अज्ञानतावस अहंकारीपनालाई अगाडि सार्न पुग्छौं । फेरि हामीले नै आफूलाई बुद्धका शिष्य भन्दै अभिमानी बन्न पछि पर्दैनौं । बुद्ध जन्मनुभएको देशमा जन्मेका हामी बुद्ध अनुयायी भन्न पछि पर्दैनौं । साँचो अर्थमा बुद्ध शिष्य र अनुयायी बन्न त उहाँले बताउनु भएको शिक्षालाई नबिराईकन इमान्दारीका साथ अभ्यासरत रहनु पर्ने हुन्छ । कहलाउनु र बन्नुमा धेरै फरक हुँदो रहेछ ।

भगवान् बुद्ध भन्नुहुन्छ– “हजारबार हजार युद्ध भूमीमा हजार योद्धाहरूलाई आफू एक्लैले जित्न सकेपनि त्यस व्यक्तिलाई विजयी भन्न मिल्दैन । जसले आफूलाई जित्न सक्छ, त्यही व्यक्ति मात्र साँचो विजयी बन्न सक्नेछ ।”

भगवान् बुद्धको यस उपदेशानुसार जबसम्म आफ्नो अज्ञानी मनको नोकर बनिन्छ, तबसम्म त्यस व्यक्ति चक्रवर्ती राजा नै किन नहोस्, त्यसलाई विजयी व्यक्ति भन्न मिल्दैन । किनभने त्यस चक्रवर्ती राजालाई पनि उसको अज्ञानी मनले आफ्नो नराम्रो स्वार्थहरू पूरा गर्न आदेश दिइराखेकै हुन्छ । उ अरूको गुलाम नबने पनि आफ्नै अज्ञानी मनको गुलाम बनिरहेकै हुन्छ ।

त्यसैले यदि संसारमा विजयी भएर बस्ने रहर छ भने बाहिरी शत्रु माथि विजय पाउने होइन, आफ्नै मनमाथि विजय प्राप्त गर्नु उत्तम हुनेछ । यदि अन्य व्यक्ति माथि विजय प्राप्त गर्ने मनसाय रहेको छ भने हतियार र हिंसाले होइन आफ्नो शुद्ध मैत्री, करुणा, दया र स्नेह भावले जित्ने प्रयास गर्नुपर्नेछ । अरुलाई शारीरिक र मानसिक यातना दिएर होइन उनीहरूको राक्षसी र दानव हृदयलाई मानव हृदयमा परिवर्तन गरिदिन सक्नु नै ठूलो उपलब्धि हुनेछ । यसरी आफ्नो मैत्री बलले अरूको मन जित्न सक्नुलाई पनि जीत भन्न सकिनेछ । यसरी प्राप्त गरेको जीत कहिले पनि पराजीतमा परिणत हुन सक्दैन । यस कार्यले कहिले पनि पश्चातापको भावना जगाउँदैन । यसले त अनौठो खालको मानसिक शान्ति प्राप्त गर्नेछ । यसलाई भनिन्छ साँचो विजय ।





# शाक्यहरूको माझमा बुद्ध

✍ भुवनलाल प्रधान

बौद्ध ग्रन्थहरूमा देखा पर्ने अनेकौं चर्चाहरूबाट हामीहरूलाई के थाहा हुन्छ भने भगवान् बुद्ध आफ्ना स्वजातीय शाक्यहरूकहाँ धेरैपल्ट आएका थिए। तर यस विषयमा मतैक्यता नभएकोले बुद्ध जम्मा कति पटक शाक्य गणराज्यहरूमा आए किटानसाथ भन्नु सम्भव छैन।

जे होस् शाक्यहरू कहाँ बुद्धको पहिलो आगमन उनले बोधिज्ञान प्राप्त गरेको वर्षैमा भएको थियो। निम्न लिखित परिस्थितिले उनलाई आफ्नो स्वदेश भूमि र घरमा आउन र आफ्नो परिवारका सदस्यहरूसित भेटघाट गर्न लगाएको थियो।

भगवान् बुद्धले बोधि ज्ञान प्राप्त गरेपछिको पहिलो वर्षावास सारनाथ मृगदावनमा बिताए। त्यसको लगत्तै पछि उनी त्यहाँबाट एक हजार भिक्षुहरूका साथ राजगृहतिर गएर पौष पूर्णिमाको दिन त्यहाँ पुगे। त्यहीं उनी दुई महिनासम्म बसिरहे। राजा शुद्धोदनले यो कुरा थाहा पाएपछि उनले बुद्धलाई कपिलवस्तुमा बोलाएर ल्याउन एक हजार मानिसको एउटा टोली पठाए। तर यस टोलीका कुनै पनि मानिस फर्केर बुद्धको सन्देश ल्याएन। यसरी नै राजा शुद्धोदनले एक एक हजार जवान मानिसको टोली अरू आठ पटक बुद्ध कहाँ पठाए भनेर लेखिएकोछ। तर तिनीहरूमध्ये पनि कोही फर्केनन्। त्यसपछि राजाले बुद्धलाई कपिलवस्तु ल्याउन उनकै बाल-संगीती कालुदायीलाई त्यहाँ पठाए। उनी पनि आफ्ना एक हजार साथीहरूसहित बुद्धको संघमा प्रवेश गरे। यसरी राजाले पठाएका दशौं हजार मानिसले प्रव्रज्या लिए। कालुदायी चाहिं भिक्षु भएको केही दिन मै अर्हत् भए।

कालुदायीले एकदिन उपयुक्त मौका पाएर बुद्धलाई भने, "भगवन्, राजा शुद्धोदनको उमेर निक्कै पुगिसकेको छ। आफ्नो मृत्युभन्दा अगाडि उहाँको तपाई-संग भेटघाट गर्ने प्रबल इच्छा छ। त्यसैको लागि नै उहाँले मलाई यहाँ पठाउनु भएको हो।"

तदनुसार भगवान् बुद्धले फाल्गुन पूर्णिमाको दिन कपिलवस्तुको लागि राजगृह छाडे। दुई महिनामा साठी योजन हिंड्दै उनी वैशाख पूर्णिमाको दिन बीस हजार भिक्षुहरूसहित कपिलवस्तु आइपुगे। कालुदायी चाहिं संदेश वाहककोरूपमा अगाडि अगाडि आएका थिए। बुद्ध र उनका साथमा आएका बीस हजार भिक्षुहरू नगर बाहिर रहेको न्यग्रोधाराममा वास बसे। जातक अर्थकथानुसार बुद्ध यस पटक कपिलवस्तुमा आएकै वखत आफ्ना बन्धुहरूको सामुन्ने आफ्नो शक्तिको प्रदर्शन गर्न यमक प्रातिहार्य गरेर देखाए। यो कुरालाई छाडौं तर वेस्सन्तर जातकको व्याख्या यहीं र यही अवसरमा शाक्य परिषदलाई गरिएको थियो।

भोलिपल्ट विहान भगवान् बुद्ध हातमा माटोको भिक्षा पात्र लिंदै कपिलवस्तुको सडकमा नियमित सपदान चारिकाले अर्थात् घरैपिच्छे भिक्षा मागे। मात्र सात वर्ष अगाडिसम्म उही सडकमा राजसी ठाँटबाटले बग्गीमा चढेर, श्वेतछत्र ओढेर, लामो लश्कर पछिपछि लगाएर घुम्ने गर्दथे। तसर्थ आफ्नो राजाको छोराले भिक्षा माग्दै हिंडेको दृश्य कपिलवस्तुका निवासीहरूको निम्ति ठूलो कौतुहलको विषय बन्यो। बुद्धलाई हेर्न मानिसहरू झ्याल झ्यालमा मात्र होइन, सडक सडकमा पनि ओइरिन थाले।

कुरा के थियो भने अघिल्लो साँझ राजा शुद्धोदन वा अरु शाक्य कसैले पनि भोलिपल्ट भोजनको लागि संघलाई ननिम्त्याईकनै फर्केका थिए। यतिञ्जेलसम्म राजालाई बुद्धको नियम नै थाहा थिएन। आफ्नै पुत्र सम्झी, आफ्नै दरवारमा भोजनार्थ आउनु नै हुनेछ भन्ने विश्वास लिई वहाँले अघिल्लो दिनमा ननिम्त्याई जानु भएको हो। तर वहाँले बीसौं हजार भिक्षुहरूका निमित्त चाहिने सबै कुराको व्यवस्था मिलाइ सक्नु भएको थियो। ननिम्त्याइकनै बुद्ध आउनु हुन्न भन्ने कुरा राजालाई

थाहा नै थिएन ।"[२९]

उपरोक्त दृश्य खुद यशोधराले देखिन् र ससुरालाई यथार्थ हाल बताइन् । "राजा हताश भई, हडबडाई हतार हतार गरी लत्रिएको धोती सम्हाल्दै दरबारबाट बाहिर निस्की जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ पुगे ।"[३०]

उनले आफ्ना छोरा बुद्धलाई राजाको छोरा भएर मागीमागी खान सुहाउँदैन भनेर माग्नुबाट रोक्न खोजे तर बुद्धले अब आफू राजाका छोरा नरहेको, बुद्ध भइसकेको एवं बुद्ध कुलको वृत्ती नै भिक्षाटन हो भनेर जवाफ दिए । बुद्ध वंशको अर्थकथामा उनले राजा शुद्धोदनलाई बुद्धवंशको देशना गरेको यही अवसरमा भनिएको छ ।

अनि बुद्धले आफ्ना पितालाई बीच बाटैमा उभिई उभिई धर्मोपदेश गर्न लागे । उनले यसो पनि भने, "महाराज[३१] कुनै पनि मानिसले गोप्य धनसम्पती भेट्टायो भने त्यसमध्ये सबभन्दा मूल्यवान् रत्न आफ्नो बाबुलाई दिनु उसको प्रथम कर्तव्य हुन्छ ।" तदनुसार नै बुद्धले आफ्नो सम्पत्ति बोधिज्ञानको बहुमूल्य अंश आफ्ना बाबु राजा शुद्धोदनलाई दिन चाहेको कुरा बताए ।

त्यस अवसरमा घटना स्थलमै दिएको उपदेश सुन्ने बित्तिकै राजालाई स्रोतापन्न फल मिल्यो । उनले बुद्ध र अरू भिक्षुहरूलाई निम्तो दिएर दरवारभित्र ल्याए । भिक्षुसंघको भोजन सकेपछि भगवान् बुद्धले राजदरवार भित्रै आफ्ना पिता, सानी आमा लगायत राज-परिवारका अन्य सदस्यहरू समेत भएको श्रोतावर्गलाई धर्म-देशना गरे । उक्त धर्म देशना सुनेर राजा सकृदागामी र रानी सोतापन्न फल प्राप्त गर्न सफल भए ।

त्यस धर्म–देशनामा यशोधरा एक जना उपस्थित भएकी थिइनन् । राजदरवारका सबै जसोले बुद्धलाई वन्दना गरिसकेपछि यशोधरालाई पनि बुद्धको बन्दना गर्न जान आग्रह गरिंदा उनले यसो जवाब दिइन्, "यदि मेरो कुनै गुण छ भने अथवा मेरो कुनै दोष छैन भने आर्यपुत्र नै यहाँ पाल्नु हुनेछ र त्यसै बेला मैले उहाँलाई वन्दना गर्नेछु ।"[३२]

दुईजना भिक्षु र राजा शुद्धोदनका साथ भगवान् बुद्ध खोपीभित्र यशोधरालाई भेट्न गए । उनले सात वर्ष अगाडि एक रात सुतिरहेकी आफ्नी श्रीमती यशोधरालाई सुटुक्क छाडेर गएदेखि तिनलाई देखेका थिएनन् । ढोगभेटको औपचारिकता सकेपछि बुद्धले उनलाई चुन्दकिन्नर जातक कथाद्वारा उपदेश दिए । त्यसपछि बुद्ध आफ्ना शिष्यहरू सहित न्याग्रोधाराममा फर्के ।

कपिलवस्तु आगमनको यो प्रथम अवसरमा बुद्ध यहाँ एक हप्ता जति बसे । त्यतिञ्जेल उनले यहाँ पटक पटक धर्मदेशना गरे । यस अवधिभित्र बुद्धका सौतेनी भाई नन्द छोरा राहुल लगायत धेरै शाक्यहरू प्रव्रजित भए । आफ्नो यात्राको आठौं अर्थात् अन्तिम दिनमा उनले राजा कहाँ नै भोजन गरे । त्यसबेला बाबुछोराको बीच दुःख सुखका कुरा भए । यहीबेला राजाले छोरा नन्द र नाति राहुल प्रव्रजित भएबाट आफ्ना उत्तराधिकारी हुने आफ्नै सन्तान कोही बाँकी नरहेको दुःख पनि बिसाए । यही क्रममा उनले बुद्धसंग आमाबाबु बाँचेका भए तिनीहरूको अनुमति नलिईकन कसैलाई प्रव्रजित नगर्न अनुरोध गरे । तदनुसार नै बुद्धले आमाबाबुको अनुमति विना कोही पनि छोरालाई प्रव्रज्या नदिने विनय नियम बनाए ।

भोजनोपरान्त बुद्धले महाधम्मपाल जातकको कुराद्वारा दिइएको उपदेश सुनेपछि राजा शुद्धोदान अनागामी फलमा प्रतिष्ठित भए ।

कपिलवस्तुबाट राजगृहतिर जाने क्रममा बुद्ध मल्ल राज्यको अनुपिय (अनुप्रिय) मा अडेका थिए । यो उहीं ठाउँ थियो जहाँ महाभिनिष्क्रमणको भोलिपल्ट बिहान रोकेर उनले परिव्राजक भेष लिएका थिए । यहीं कपिलवस्तुबाट गएका आनन्द, देवदत्त, भगु, अनुरुद्ध, किम्बिल शाक्यशरू र नाउ उपालीले बुद्धलाई भेट्टाएर प्रव्रज्या लिए ।

संक्षेपमा यही थियो बुद्धको शाक्य गणतन्त्रमा भएको पहिलो यात्राका घटनाहरू अनि यही थियो तत्कालीन कपिलवस्तु जनपदमा भनौं वा वर्तमान नेपाली भूभागमा भनौं सर्वप्रथम बुद्ध धर्म प्रचार र मनन भयो । बुद्ध भगवान्कै मुखारविन्दबाट धर्मोपदेश सुन्ने मौका पाएका शाक्य राजपरिवारका सदस्यहरू कैयन

२९. धम्मपद अर्थकथा, अमृताः – बुद्ध. श्राविका चरित्र, पृ ६३७ ।
३०. अमृताः– बु.रा.प.पृ. १३६-७ ।
३१. यहाँ रीस डाभिड्सल 'My Father' भन्ने शब्द नै प्रयोग गरेका छन् ।
३२. भि. अमृतानन्द- बुद्धकालीन श्राविका चरित्र, पृ. ६४३ बाट ।

उनका अनुयायी बने, कोही स्रोतापन्न, अनागामी भए, कोही उनको संघमा दीक्षित भए। राजा शुद्धोदनको अनुरोधमा त्यस बेला एकहजार शाक्यले प्रव्रज्या ग्रहण गरेका थिए।

चार वर्षपछि अर्थात् भगवान् वैशालीमा पाँचौ वर्षावास बिताइरहेको बेला ई.पू. ५२४ साल ताका राजा शुद्धोदन सिकिस्त बिरामी भए। बुद्ध आफ्ना पिताकहाँ दोस्रो पल्ट आएर धर्मदेशना गरे। फलस्वरूप राजा शुद्धोदन अर्हत् भए। हप्ता दिन पछि नै उनको देहान्त भयो। बुद्ध केही दिन महावनमा बसी शोकाकुल परिवारलाई सान्त्वना दिंदै थिए। त्यहाँबाट उनी वैशाली तिर गए।

यस पटक बुद्ध ५०० भिक्षुहरूसहित कपिल वस्तु आएका थिए। यी भिक्षुहरू शाक्य कुलका थिए। यिनीहरू यहाँ आउँदा यिनीहरूका स्वास्नीहरूले यिनीहरूलाई घर फर्काउन खोजेकाले बुद्धले यिनीहरूलाई हिमालय पर्वततिर लगेर कुणाल जातकका कुराद्वारा सम्झाउनु परेको थियो।[३३] यस प्रयत्नमा असफल भएपछि ती ५०० शाक्य महिलाहरूले विधवा महारानी प्रजापतिकहाँ गएर भगवान्संग प्रव्रज्या माग्न जान जोड गर्न लागे। तदनुसार प्रजापति यिनीहरूको साथ महावनमा गएर बुद्धसंग प्रव्रजित हुने अनुमति मागिन्। तर यस बेला बुद्धले महिलाहरूलाई संघभित्र प्रवेश गराउने अनुमति दिएनन्। बुद्ध वैशालीतिर लागेपछि प्रजापति र अरु शाक्य महिलाहरू वैशालीसम्म धाएरै प्रव्रज्या लिन सफल भए।

एक वखत जेठ महिनामा कपिलवस्तु र कोलीयका शाक्यहरूको बीच रोहिणी नदीको पानी लिने कुराबाट उब्जेको झगडाले युद्धको रूप लिन लागेको थियो। ऐन मौकामा बुद्ध घटना स्थलमै आइपुगे। दुबै थरीलाई लडाइ – झगडाबाट हुने हानी राम्ररी बुझाउन बुद्धले यही थलोमै फन्दन, दद्दभ, लटुकिक, रूक्खधम्म जातकहरू बताए। दुबै थरीको बीचमा रहेको एकतालाई खलल पर्ने कुनै काम-कुरा हुन जानुको मतलब दुबैको विनाश गर्नु हुनेछ भन्ने कुराको बोध गराउन उनले वट्टक जातक पनि सुनाए। उपरोक्त पाँच जातकको दृष्टान्त द्वारा झगडाबाट कसैको भलो नहुने र उल्टो दुबैको नाश हुने सम्भावनातिर ध्यान खिंचेर उनले रीस शान्त पारि दिए। अत्तदण्ड सुत्तको व्याख्या पनि यही बेला भएको थियो।

यस पटक पनि बुद्धले कपिलवस्तुको महावनमा बास गरेका थिए। यहीं कोलीय र कपिलवस्तु जनपदबाट प्रब्रजित गराइएका अढाई अढाई सय शाक्य क्षेत्रियहरूलाई पव्रज्या दिइयो। उनले यहाँ बस्दा कहिले कोलीय नगरमा र कहिले कपिलवस्तुमा भिक्षाटन गरेका थिए।

एक पटक कोशल राजा विडूडभ आफूलाई मठ्याहा सरह व्यवहार गरेकोमा शाकयहरूसंग बदला लिन कपिलवस्तुतिर फौज लिएर आए। यसको जानकारी पाएर भगवान् बुद्ध पनि कोशल अधिराज्य र कपिलवस्तुको सिमाना जोडिएको ठाउँमा आइपुगे। मध्यान्हको समय थियो, गर्मी औधि चर्केको। कोशल भूभागमा परपरसम्म हाँगा फैलिएका न्यग्रोध (अर्थात् बरका) रूखहरू थिए, कपिलवस्तु भूभागमा ठूलाठूला रूख थिएन। यस भूभागमा बुद्ध एउटा बूढो रूख मुनि बसे। जुन रूखमूनि भगवान् विराजमान भए त्यो धोद्रिएको थियो, त्यसका हाँगाहरू उस्तो थिएन र त्यसले राम्रो संग सियाँल दिन सक्दैनथ्यो। त्यो रूखको फेदमा बसेका बुद्धको शरीरमा छाया होइन घाम नै परिरहेको थियो।

राजा विडूडभ सजधजका साथ त्यस थलोमा आइपुगे। त्यहाँ बुद्धलाई देख्नेबित्तिकै उनी खडग्रङ्ग भए आफ्नो साथमा युद्धको लागि तंतयारसेना भएकोमा उसलाई गौरब र रोबरवाफको सट्टा लाज र सङ्कोचको भावले आफूलाई दबाएको महसूस हुन थाल्यो। उनलाई हुनसम्म अप्ठ्यारो लाग्यो। आफूलाई सम्हाल्दै उनी रथबाट ओर्ल्हे। हडबडाएको भाव लुकाउँदै उनले भगवान्लाई अभिवादन गरे।

मानव जीवनमा कहिलेकाहीं जुट्न आउने परिस्थिति साह्रै अचम्मको हुन्छ। कहाँ चतुरङ्गी सेनालेलैस अतुल शक्तिशाली गद्दींनशीन नरेश, कहाँ एक अदना भिक्षुक ! तर त्यस अदना व्यक्तिको व्यक्तित्व र बोधिज्ञानको अगाडि दलबलसहितका ती राजाले आफूलाई कमजोर ठान्न लागे। नैतिकताको दृष्टिले, 'बहुजन हिताय' - को कसीले उचित जँचिने कामकुरो एउटै हुन्छ, सैन्य बलले ठेलेर गर्ने कामकुरो अर्कै हुन्छ।

*( बाँकी अंश १५ पेजमा हेर्नुहोला )*

३३. यो घटना बर्माको जिरोत्थ पकासिनी अनुसार शुद्धोदनको देहान्त भएको बेलाको थियो। तर थेरी गाथा अर्थ कथा, अं.नि. अर्थकथा अनुसार यो घटना बुद्ध रोहिणी नदीको झगडा सुल्झाउन आएको बेला घटेको थियो।

# स्वेतगौं चैत्य (Shwedagon Pagoda)



✍ **जवनवती गुरुमां**
*धर्मकीर्ति विहार*

थ्व प्रार्थना हल छगु छगुलिइ ककुच्छन्द, कोणागमन, काश्यप, गौतम धका मुख्य रूपं छम्हं छम्ह गन्धकुटी स्थापना यानातःगु खःसाहले मेमेगु बुद्धमूर्तितनं आपालं खने दु ।

स्वेतगौं परिवेणे थ्व प्रार्थना हल भवन बाहेक थ्व स्वयां चिधंगु अले थ्व जोरागु हल भवनत नं यक्व दनि । थ्व स्वयाः तःधंगु धर्मशालाथें दयेकातःगु भवन (४) प्यंगू दु । थ्व धर्मशालाय् विभिन्न कार्यक्रम जुयाच्वनी थेँ भन्तेपिनिपाखें धर्मदेशना नं जुयाच्वनी । वर्षावासया समयले सुथे शील प्रार्थना जुइगु ध्यानभावनां याइगु पट्ठान परित्राण ईत्यादि ग्रुप ग्रुप पुचः पुचः संघ संस्थायापिं वयाः पाठ यावइगु नं जुयाच्वन ।

स्वेगतौं परिवेणे मेगु सीकातये वहःगु धायेला थनयापिनि विश्वास धायेला (आँउम्ये) अधिष्ठान पूर्ण भूमि धकानं दुगु जुयाच्वन । न्हापा न्हापाला परिवेणया स्वंगू थाय्यात क्यनातसां थौंकन्हे छगु थाय्यात जक प्राथमिकता बियातःगु खने दु । गुगु थासे च्वनाः प्रार्थना पूजापाठ, जपः, ध्यान च्वनधाःसा मनोकामना पूरा जुई । थम्हं आशिका यानागु ईच्छा पूराजुई ।

ज्या सफलजुई धयागु इमि विश्वास दु । उकिं थनच्वंपि आपालं मनूत थ्व आउँम्ये च्वना प्रार्थना यायेगु याइ । भी तीर्थयात्रिपिं वनीबलेनं थ्व थासय् च्वनाः पूजायाईगु खः । छाय् धासा थ्व थासं चैत्य पूरा जुईक दर्शन याये फुगु व फेतुइत थाय् नं चकँ । फोटो काय्तनं बांलागु थाय् जुयाः । तर भगवानया परिवेण धयागु न्हयागुथाय्नं शुद्ध पवित्रगु थाय् हे खः । चित्त शुद्धयानाः प्रार्थनायात धाःसा भिं जुईगु हे थाय् ख ।।

मेगु सीकेवहःगु धयागु गं खः । थन परिवेणे तसकं तःग्वःगु गं निगः गं दु । छगः स्यैंकूम्यें गं, छगः तायावतीम्यें गं । थ्व गंया इतिहास नं सीकातये बहःजु । थ्व मध्ये स्येकूम्यें गं स्यैंकू जुजुं दानयानातःगु गं खः थ्व गं राहु कर्नरे खायातःगु दु ।

थ्व गं या चाकः न्याकु दुसा जाः न्हय्कु व क्वलाछिं सिजः १५ हजार पाँच सय पचपन्न । (१५५५५) धार्नि दु । ईस्वी सम्बत १७७९ साल Feb महिना दयेकाः महाघण्ड धयागु नां तयाः स्यैंकू जुजुं स्वेतगों चैत्यय् दानयाःगु जुयाच्वन । थ्व समय प्रथम विश्वयुद्धया समयजुयाच्वंगु, बर्मायात ब्रिटिश तय्सं कब्जायाना रखाई (Ra Khain) व तनेवारी (Ta Ninn Thari) धयागु निगू जिल्ला, प्रान्तयात कब्जा यानाः तय् धुंकुगू जुायच्वन । उकिं ब्रिटिसतयेसं बर्माया बाबांलाःगु मूल्यवंगु मूर्ति हस्तकला त ईत्यादि ब्रिटिसे यंकेत मुनाच्वंगु अवस्था जुयाच्वनी थ्व हे इलय् थ्व स्येकूम्ये जुजुं दानयानातःगु थुगु गं नं यकेत ईस्वी सम्वत १८२४ ल्हाई (Hlain Myit) धयागु खुसिइ दिकातःगु ब्रिटिस जहाजय् तयाः येकेत स्वःबले गं या वजनं फयेमफयाः जहाज पाःलुया खुसिइ कुतुंवंगु जुयाच्वन । खुसिं थकायेत कुतःयातनं ब्रिटिसतय्सं थकायेमफुत । अले इमिसं कुतः मयासे खुसिइ हे वांछ्वया तःगु जुयाच्वन ।

थथे खुसिइतुं जुयाच्वंगु गं यात प्रथम विश्वयुद्ध सिधःगु समयले बर्माया भिक्षु संघपिन्त थ्व गं थकाया कायेयानिंतिं स्वीकृति कयाः दातापिके ग्वाहालि कयाः थकायेगु शुरूयात । बिटिश सरकारं जिमिसं थुलि कुतःयानाः विभिन्न मेशिन प्रयोगयानांला थकाये मफुगु गं थ्व बर्मी तयसं गथेयानाः थकाइ धकाः बिचाः यानाः स्वीकृति ब्यूगु जुयाच्वन । तर बर्मीपिनि श्रद्धां व आस्था विश्वास अले तःधंगु मेहनत व बुद्धि प्रयोग हानं छधी छपाय् मिलेजुयाः थकाःबलय् अःपुकहे थकाये फत । थकयाः स्यैंकूम्ये जुजुं स्थापना यानाथकूगु स्वेतगौं भगवान चैत्यया परिवेणे हे स्थापनायात ।

मेगु तायावती स्येनं (तायावती जुजुनं) दानयानातःगु तयावतीम्यैं तयावती जुजुया गं खः । तायावती धयागु



*बहुसंख्यक बौद्ध धर्ममा आस्था राख्ने जनता रहेको देश बर्मामा स्वेतगौं चैत्य*

छगू शहरया नाँ खः । न्हापा थन बर्माय् नं नेपाले जुजुपिं यक्व दु । अथे जुयाः थ्व तयावती जुजु छन्हु रंगून शहरे स्वेतगौं चैत्य दर्शनयालागि वःबले दानयानाथकूगु धयागु उल्लेख यानातःगु दु ।

थ्व गं जाः स्वकु ४ ईन्च चाकः सि घेरा फिंन्याकु च्वय् चाकः फिंस्वकु व क्वलाछि ४ ईन्च (मोटाई) फि कुछि ४ ईन्च वजन २५९.४३ धार्नि दु । थ्व गं बुट्टातयाः डिजाईनयानाः दयेकूगु धकाः नं च्वयातःगु खने (दु । थ्व गं स्वेतगौं चैत्यया परिवेणे स्थापना याःबले विशेष कार्यक्रम दयेका फ फः धायेक कार्यक्रमयानाः दानयात धयामुनं लेखे च्वयातःगु खने दु। थ्व गं या च्वकाय् मनुसिहया प्यंगू मूर्ति नं तया दयेकातःगु खः ।

आ अन्ते चैत्यय् दुगु रत्नबारे भतिचा सीके बिइया निंतिं जिं ब्वनागु स्वयागु लेख अनुसार स्यूगु भचिचा न्ह्यःथनेत्यना ।

थ्व ईस्वी सम्बत २०१३ April पाखें यानातःगु गणना अनुसारं ३२६ फुट जाः दुगु थुगु चैत्यया छचाःखेलं लुँ लुँपाटा ख्वीगू तन दु ।। मूल्यया हिसाबं डलर आठ बिलिएन थौ कन्हेयागु मूल्य अनुसार खः । थ्व लुं पातायात पेचं कसेयानातःगु खः । चैत्यया च्वय्यागु भागे लुँ पाता (८६८८) आठ हजार छ सय अठासी पाता , बिचेयागु भागे (१३१५३) तेह्र हजार १ सय त्रिपन्नपाता च्वय्यागु भागे लुँ पातां बाहेक बिभिन्न रत्नतनं यक्व हे तयाः दयेकाः पूजायाना तःगु खः । मूल्यवान हिरा (Diamond) ५४४८ गः (पाँचहजार ४. सय ४८. वटा) १८०० Carat दु । माणिक (Ruby) २३१७ दुईहजार तीनसय

सत्रवटा, नीलमणि (Sapphire) वाँउगु मणि (Jade) नाप नापं मेमेगु रत्नत अनगिन्ति, गिन्तियाये मफयेक हे दु । छत्रय् खानातःगु लुँयागु गं (१०६५) एक हजार पैंसाठी गः दु । छत्रनं यम्ब लुँ तया दयेका तःगु खः । हानं छत्रया द्यःने गजुलिइ ७२ Carrat दुगु तःग्वःगु हेरा छगः छुनातःगु दु । थ्व हेराथें जाःगु हेरा विश्वय्हे तसकं लुइके थाकुगु हेरा खः । थ्व च्वया वयागु रत्नत चैत्यया पिने दुगु खनेदुगु रत्नत खः गर्भे दुने खने मदुगु रत्नत लुँ वहः हेरा, ईत्यादिया मूर्ति चैत्य कलश, छत्र यक्वहे दनि । उकिं थ्व चैत्य विश्वय् प्रख्यातःगु तःग्वगु चैत्य खः जिवितमान बुद्धया केशधातु प्रतिस्था याना सर्वप्रथम स्थापनायागु चैत्य खः । *( क्रमशः १४ पेजमा )*

## धर्मकीर्ति संरक्षण कोषको वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रगति प्रतिवेदनहरूको बाँकी अंश ...

आश्विन १६ गते यस कार्यक्रममा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने सिलसिलामा कोषका इकाईहरूमा प्रस्तुत गरिएका प्रतिवेदनहरू –

**१) धर्मकीर्ति मासिक पत्रिका**

*प्रस्तुती- इन्द्रमान महर्जन (व्यवस्थापक)*

धर्मकीर्ति मासिक पत्रिका २०७८ आश्विन महिना भित्र वर्ष ३८ अङ्क ६ सम्म प्रकाशन भइसकेको छ। हालसम्म यसको विशेष सदस्य ९०५ जना पुगिसकेको छ।

यस प्रतिवेदनमा समाबिष्ट बि.सं. २०७७ सम्म धर्मकीर्ति पत्रिकाको वर्ष ३८ अङ्क १ देखि १२ सम्ममा वार्षिक सदस्य ६०० जनाबाट धर्मकीर्ति पत्रिकालाई सहयोग पुऱ्याउनुभएको छ। मासिक रूपमा प्रकाशन भइरहेको यस पत्रिकाका सदस्यहरूलाई हरेक पूर्णिमामा हुलाकद्वारा र विहारमा पनि वितरण कार्य नियमित भइरहेको छ।

२०७७ सालको आय-व्यय अनुसार रु. ८७२१२/८३ रकम बचत भएको छ। श्रद्धेय धम्मवती गुरुमांको जन्मदिनको उपलक्ष्यमा गुरुपूर्णिमाको उपलक्ष्यमा आवरण पेज रङ्गिन छाप्नको लागि रु. ३ लाख एक्सप्रेश सेभिङ्ग एण्ड कोअपरेटिभमा अलग्ग कोष खडा गरियो।

**२) धर्मकीर्ति भ्रमण उपकमिटी – प्रगति विवरण –**

*प्रस्तुती केशावती गुरुमां*

*स्थान- मायादेवी मन्दिर परिसर, लुम्बिनी*

यसपाली चैत्र महिनामा धम्मवती गुरुमांको ८७ औं जन्मदिनको उपलक्ष्यमा बुद्ध भूमी लुम्बिनीमा अल्पकालिन प्रव्रज्या कार्यक्रम सम्पन्न गरियो। यस कार्यक्रममा भिक्षु मैत्रीको तर्फबाट श्रामणेर, प्रव्रजित गुरुमां लगायत ऋषिणी गरी जम्मा २६ जना व्यक्तिहरूलाई सोही अनुसार शील प्रार्थना गराउनुभई प्रव्रज्या गर्नुभएको थियो।

यसको अलावा भिक्षुणी धम्मवती गुरुमांको सुस्वास्थ्य कामना गरी ३ दिनसम्म महापरित्राण पाठ गरियो भने मायादेवी मन्दिर परिसरमा दीप प्रज्वलन गरियो।

**३) पब्लिक इमेज कमिटी –**

*प्रस्तुती- पञ्ञावती गुरुमां*

धर्मकीर्ति Public Image Comittee को तर्फबाट भिक्षुणी धम्मवती गुरुमांको धर्मदेशना CD र DVD मार्फत प्रशारण भइरहेको थियो। तर समयानुसार यो प्रविधि प्रभावकारी हुन सकेन। Facebook एवं Youtube मार्फत प्रभावकारी रूपमा धर्मप्रचार भइरहेको कारणले २०७७ बैशाख ८ गते धम्मवती गुरुमांले Facebook page को माध्यमबाट प्रत्यक्ष प्रशारण मार्फत आशीर्वचन दिनुभयो। सो पश्चात् धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरूले Facebook मार्फत प्रत्यक्ष प्रसारणको रुपमा धर्मदेशना गर्नुभयो।

२०७६ चैत्र १३ गते रत्न सूत्रको Video upload गरी धर्मकीर्ति विहारको Youtube Channel बाट प्रथमपटक यसलाई प्रशारण गरियो। त्यसपछ धर्मकीर्ति विहारका विभिन्न कार्यक्रमहरू लगायत यस विहारका आवासिय प्रव्रजित गुरुमांहरूले Facebook मार्फत प्रत्यक्ष प्रशारण भइरहेको धर्मदेशनालाई पनि Youtube Channel मा upload भइरहेका छन्।

***( यस कार्यक्रमको शुरुवात धर्मकीर्ति विहार संरक्षण कोषका सहकोषाध्यक्ष अरुणशिद्धि तुलाधरले गर्नुभएको हो र यस कार्यमा उहाँको प्रमुख योगदान रहेको छ। – सम्पादक )***

**४) धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र कमिटी –**

*प्रस्तुती- केशावती गुरुमां*

यसवर्ष काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्यज्यूबाट धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रको लागि पाँचलाख रुपियाँ अनुदान प्रदान गर्नुभएको थियो।

दिवंगत अमृत बहादुरको पुण्यस्मृतिमा कमल केशरी तुलाधर न्हाय्कंत्वाःबाट रु. १०,१११/– चन्दा दिनुभएको थियो।

परियत्ति कक्षा सञ्चालनका लागि टेवल, मेच बनिसकेको छ भने परीक्षामा उत्तिर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्नका लागि आवश्यक सरसामान तयार भइसकेको छ। परियत्ति शिक्षाको लागि आवश्यक कम्प्यूटर र प्रिन्टर किनिसकेको छ।

**५) धर्मकीर्ति शिक्षा सदन –**

*प्रस्तुती- दीना कंसाकार*

कोभिड-१९ को कारण बि.सं. २०७६ चैत्रदेखि लागु

भएको Lockdown को कारण स्कूल राम्ररी सञ्चालन हुन सकेन। धर्मकीर्ति शिक्षा सदन हाल आनन्दकुटी विद्यापीठसंग मर्ज गरी कोविडको कारण Online बाट कक्षा सञ्चालन भइरहेको छ।

आगामी वर्ष आनन्दकुटी विद्यापीठ बौद्ध स्कूल अवधारणमा सञ्चालन हुन गइरहेको छ। यसको लागि विभिन्न विहार विहारबाट आवासिय साना गुरुमांहरूलाई यस आनन्दकुटी विद्यापीठ स्कूल तर्फबाट निःशुल्क अध्यापन गराउने निर्णय गरेको छ। यसको लागि इच्छुक दाताहरूलाई आनन्दकुटी विद्यापीठ स्कूलमा सम्पर्क गर्न आह्वान गरिएको छ।

**६) धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको प्रतिवेदन आर्थिक वर्ष २०७७/०७८**

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर (सचिव)*

भगवान बुद्धले सिकाउनु भएको ज्ञानलाई गीतको माध्यमबाट जनमानसमा प्रचार गर्ने उद्देश्य लिई सञ्चालित धर्मकीर्ति ज्ञानमाला भजन कोविड १९ को कारण बीचमा रोकिएको छ।

भिक्षुणी धम्मवती गरुमांको ८८ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति ज्ञानमाला भजन समूहले उहाँ गुरुमांको निरोगी एवं सुस्वास्थ्य कामना गरिएको छ।

**७) धर्मकीर्ति बुद्ध पूजा कमिटीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/०७८**

*प्रस्तुती- इन्द्रकुमार नकर्मी*

कोविड १९ को कारणले संसारभर फैलिएको रोग कोरोनाबाट अलग्ग रहन Facebook Live र Youtube को माध्यमबाट घरघरमा बसी धर्मदेशना सुन्ने मौका मिलाइदिने प्रथम उपासक अरुणसिद्धि तुलाधरलाई हामीले विर्सन सक्दैनौं।

उहाँलाई यस कार्यमा सहयोग गर्नुहुने सहयोगीहरू यसरी हुनुहुन्छ –

श्रद्धेय प्रव्रजित गुरुमांहरू– खेमावती, शुभवती, सुवण्णवती, अमता र क्षान्तिवती।

उपासकहरू– मचाकाजी महर्जन र केशव डंगोल।

यसवर्ष विभिन्न विषयलाई संगाली धर्मदेशना गर्ने कार्यक्रम बनाइएको छ। सो अनुसार धर्मदेशना गर्नुहुने गुरुमांहरूको नामावली, धर्मदेशना गरिएको मिति र धर्मदेशनाको विषय यसरी उल्लेख गरिएको छ –

| क्र. सं. | मिति | विषय | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | २०७७ मंसिर १५ गते देखि शुरु भएको | बुद्धवंश | धम्मवती |
| २ | २०७७ मंसिर २९ गते देखि शुरु भएको | धम्मपद | केशावती, खेमावती, अमता |
| ३ | २०७७ पौष १ गते देखि शुरु भएको | मंगलसूत्र | पञ्ञावती, जवनवती, इन्दावती र क्षान्तिवती |
| ४ | २०७७ पौष पूर्णिमा अगाडिको अष्टमी देखि शुरु भएको | एतदग्ग पद प्राप्त भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू | वीर्यवती, शुभवती, वण्णवती र सुवण्णवती |
| ५ | २०७७ माघ पूर्णिमा अगाडिको अष्टमी देखि शुरु भएको | जातक | दानवती, त्यागवती र मेत्तावती |

Facebook page को तर्फबाट लाइभ धर्मदेशना निरन्तर प्रशारण गर्नको लागि चन्दा दिनुहुने दाता उपासक उपासिकाहरूलाई धर्मकीर्ति विहार साधुवाद व्यक्त गर्दछ। यसरी नै बोधि टेलिभिजनको तर्फबाट पनि प्रत्येक धर्मदेशना प्रशारण गरी सहयोग पुऱ्याइरहनु भएको कारण बोधि च्यानल परिवारलाई पनि धर्मकीर्ति विहार साधुवाद व्यक्त गर्दछ।

यस आर्थिक वर्षमा कूल ६० पटक धर्मदेशना प्रशारण भएको बुझिन्छ। तैपनि कुनै कारणवश बीचका केही दिनहरूको लगत प्राप्त हुन नसकेको कारणले हाल यहाँ ५७ पटकको विवरण मात्र उल्लेख गरिएको छ –

| क्र. सं. | धर्मदेशना गर्नुहुने गुरुमांहरूको नाम | धर्मदेशना गर्नुभएको संख्या |
|---|---|---|
| १ | धम्मवती | १० पटक |
| २ | पञ्ञावती | ४ पटक |
| ३ | केशावती | ५ पटक |
| ४ | खेमावती | ६ पटक |
| ५ | दानवती | ४ पटक |
| ६ | त्यागवती | ४ पटक |
| ७ | मेत्तावती | ३ पटक |
| ८ | इन्दावती | ४ पटक |
| ९ | वीर्यवती | ५ पटक |
| १० | शुभवती | ४ पटक |
| ११ | अमता | ३ पटक |
| १२ | सुवण्णवती | ३ पटक |
| १३ | क्षान्तिवती | ३ पटक |

धर्मकीर्ति विहारका उपासकोपासिकाहरूले उहाँका दिवंगत पितृहरूको पुण्यस्मृतिमा बुद्ध शिक्षा उल्लेखित पुस्तकहरू प्रकाशन गरी दान मध्ये उत्तम दान धर्मदान हो भन्ने बुद्ध शिक्षा मनन गरी पुस्तक धर्मदान गर्ने प्रथा छ । यही प्रथा अनुसार यस आर्थिक वर्षमा प्रकाशित पुस्तकहरू यसरी रहेका छन् –

| क्र. सं. | पुस्तकको नाम | दाता | प्रकाशन मिति(वि.सं.) |
|---|---|---|---|
| १ | बुद्ध वंश | धर्मकीर्ति पुस्तक सदस्यता कोष र दिवंगत बलदेव र मिश्री कंशाकार सपरिवार | २०७७ साल |
| २ | संक्षिप्त बुद्ध जीवनी | ज्ञानकुमारी मानन्धर सपरिवार | २०७७ साल |

२०७७ साल चैत्र २८ गते अश्वघोष भन्ते र दो गुणवती गुरुमांको २ वर्षिय पुण्य तिथीमा जूम मार्फत उहाँहरूको व्यक्तित्व र कृत्तित्व स्मरण गरी कार्यक्रम सञ्चालन गरियो । ✿

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९८७*

*दिवंगत :*
*वि.सं. २०७८*
*श्रावण २४ गते*

# दिवंगत बखत बहादुर चित्रकार

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (क्र.सं. १६१) बखत बहादुर चित्रकार ९१ वर्षको उमेरमा दिवंगत हुनुभयो । आफ्नो जीवनकालका महत्वपूर्ण समय बुद्ध शिक्षा प्रचार कार्यमा लगाउँदै समाजका विकृतीहरू हटाउने कार्यमा जुटिरहनुभएका उपासक चित्रकारको परलोक जीवन सुगतिमय बनोस् र निर्वाणको हेतु प्राप्त होस् भन्ने कामना गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं**

# धर्मकीर्ति विहारय् महापरित्राण पाठ सम्पन्न

*२०७८ आश्विन ३१ व कार्तिक १ गते*

*स्थान- धर्मकीर्ति विहार, धम्महल*

धर्मकीर्ति विहारय् वंगु आश्विन ३१ गते व कार्तिक १ गते निन्हु प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छि महापरित्राण पाठ ज्याभ्वः क्वचाःगु दु ।



*दिवंगत रत्नमञ्जरी गुरुमां*




*'सामुहिक पाठ' शुरु यानाबिज्यासे धम्मवती गुरुमां*

१) आश्विन १ गते उपासिका दान माया तुलाधर या जन्मन्हिंया उपलक्ष्ये वय्कःया परिवारपिनि आयोजनाय् प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छि महापरित्राण पाठ व धर्मदेशना ज्याभ्वः क्वचाय्कूगु खः । अथेहे गुरुमांपिन्त जलपान, भोजनया प्रायोजन यासे दानप्रदान यानाः वय्कःपिसं पुण्य सञ्चय यानादीगु खः ।



*'सरणागमन - मेत्तसुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं पञ्ञावती, जवनवती*




*'खन्ध सुत्त, - धजग्ग सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं कुसुम, प्रीतिवती*

२) कार्तिक १ गते, त्रयोदशी । धर्मकीर्ति विहारया आवासिय गुरुमां वरिष्ठ आचार्य ध्यान गुरु रत्न मञ्जरी गुरुमां मदुगु भिंन्यादं दत । वसपोलया भिंन्याक्वःगु पुण्य तिथीया उपलक्ष्ये थुकुन्हु प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छि महापरित्राण पाठ सम्पन्न जूगु खः ।

थुकुन्हु रत्नमञ्जरी गुरुमां स्मृति कोष व पुलांपुचः भोजन कोष धर्मकीर्ति विहार पाखें गुरुमांपिन्त जलपान भोजनया प्रायोजन यासे दान प्रदान यानाः रत्नमञ्जरी गुरुमांया पुण्यस्मृतिस पुण्यानुमोदन याःगु खः ।



'महाकस्सपत्थेर' 'महाचन्दत्थेर' पाठ यानाबिज्याःपिं गुरुमांपिं सुनन्दावती, इन्दावती




'महासमय सुत्त' पाठ यानाबिज्याःपिं गुरुमां सुमना, उपनन्द




'गिरिमानन्द' 'इसिगिलि सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं वीर्यवती, शुभवती




'आलवक सुत्त' 'कसिभारद्वाज सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं सुजाता, त्यागवती



'धम्मचक्कप्पवत्तन सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं श्रद्धावती, जयवती




'पराभव सुत्त' 'वसल सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपिं अमता, क्षान्तिवती



*'सच्चविभंग सुत्त' पाठ यानाबिज्याःपिं गुरुमांपि अनुपमा, खेमावती*



*"आटानाटिय 'क' सुत्त" पाठ यानाबिज्याःपिं गुरुमांपिं दानवती, मेत्तावती*



*"आटानाटिय 'ख' सुत्त" पाठ यानाबिज्याःपिं गुरुमांपिं करुणावती, वण्णवती, ध्यानवती, सुवण्णवती*

**स्वेतगौं चैत्यको बाँकी अंश ...**

स्वेतगौं चैत्यया परिवेणे वरिपरि दुगु चैत्य मूर्तित, भवन, हल ईत्यादिया धलः (List) थथे खः ।

| | | | |
|---|---|---|---|
| १. | चैत्य – | ३३८ | ग्वः |
| २. | बुद्ध मूर्ति – | १६६२ | म्ह |
| ३. | प्रार्थना हल– | ४ | गू |
| ४. | स्वाहाने – | ४ | पु |
| ५. | चिधंगु प्रार्थनाहल – | ७२ | गू |
| ६. | सिजःया गं – | ३० | गः |
| ७. | सिजया स्वां कचा – | ४४ | गु |
| ८. | ग्रहया लड्डा – | १२ | गः |
| ९. | ध्वजा – | ९ | पु |
| १०. | मतच्याकेगगु (plat form) – | ३५ | गः |
| ११. | मतया लड्डा – | ६८ | गः |
| १२. | लः ट्याकि – | ९ | गः |
| १३. | लः त्वनेगु थाय् – | ६ | गू |
| १४. | भगवान याथाय्या स्वां इत्यादि वा छ्वयेगु थाय् – | ९ | थाय् |
| १५. | म्युजियम– | १ | गू |
| १६. | स्वेतगौं कमितिया अफिस – | १ | गू |
| १७. | बुद्ध जीवनीया म्यूजियम – | १ | गू |
| १८. | Escalator — | १ | गू |
| १९. | Lift — | ३ | गू |

थ्व स्वेतगौ चैत्यया बारे च्वयातयागु झीसनं ब्वना सीकाः बहुश्रुत ज्ञान दयेके फयेमा नापं झीसंनं बुद्ध, धर्म, प्रति श्रद्धा भाव भचि तया बुद्ध सासनयात टेबाबिया ताकालःतक तिकेयायेफयमा धका मति तया च्वयाच्वनागु खः तर च्वयागु मेपिसं च्वयातःगु लेखका भरे छुँ न्यनातयागु आधारकया च्वयातयागु जुया । यक्व द...मगाःगु मचाःगु दयाहे च्वनी । उकिं थुकेयात थुइका मिलेमजूगुयात सचेयाना मगाःगु मचागुयात थपेयाना ब्वना बिज्यायेत ब्वनादित अनुरोध यानाच्वना ।

॥ भवतु सब्ब मङ्गलं ॥


■

## धर्मकीर्ति पत्रिकालाई चन्दा

**उपासक श्री मोतिलाल शिल्पकारबाट**

**रु. ५००/–**

## २६०४ औं संकाश्य दिवसको उपलक्ष्यमा दीप प्रज्वलन



*२०७८ कार्तिक ३ गते, बुद्धवार*
*स्थान- श्रीघः चैत्य, काठमाडौं*

भगवान् बुद्धले सातौं वर्षावासका लागि असार पूर्णिमाका दिन तावतिंस देवलोकमा पुग्नुभई उहाँकी माता महामायादेवी (उक्त समयमा देवलोकका सन्तुस्सित देवपुत्र) लाई ३ महिनासम्म अभिधर्म विषयमा गहन धर्मदेशना गर्नु भएको र तीन महिनापछि आश्विन पूर्णिमा अर्थात् कतिं पुन्हिका दिन वर्षावास सम्पन्न भएको दिन उहाँ हाल भारत स्थित संकाश्यमा पदार्पण गर्नुभएको मानिन्छ ।

ग्रन्थमा उल्लेख भए अनुसार महामाया देवी भगवान् बुद्धबाट देशित अभिधर्म ज्ञान श्रवण गर्दै स्रोतापन्न हुन सफल हुनुभएको थियो । यसरी यस पवित्र दिनमा भगवान् बुद्धले आफ्नी माता महामाया देवीको ऋण चुकाउनु भई पृथ्वीमा पदार्पण गर्नुभएको पवित्र दिन मानिन्छ । यस पवित्र दिनलाई स्मरण गरी श्रीघः गुठियार पुचः र धर्मकीर्ति विहारले श्रीघः चैत्यमा बेलुका दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरिएको थियो । ✿

## डा. अनोजा गुरुमांया भिंउसाँय् कामना

सुलक्षणकीर्ति विहारया प्रमुख डा. अनोजा गुरुमां म्हं मफयाच्वंगु बुखँ न्यनाः धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः मर्माहत जूगु दु । वसपोल गुरुमांया भिं उसाँय् व ता आयुया आशिका यानाच्वना ।

वसपोल गुरुमांया मनं तुनातःगु तःधंगु ज्या याकन हे पूवनेमा धकाः आशिका यासे धर्मकीर्ति भजन कोषं व उकीया दुजःपिनि पाखें रु. ७५,५१०/- (पचहत्तर हजार पाँचसय दश रुपैयाँ) तका दाँ वसपोलयात आर्थिक गुहालीया रुपय् दान यानागु जुल ।

*- प्रेमलक्ष्मी तुलाधर, सचिवः ध.बौ.ज्ञा.भ. खलः*

**'शाक्यहरूको माझमा बुद्ध'को बाँकी अंश ...**

आफ्नो आन्तरिक अभिप्राय, मनको यथार्थ भाव लुकाउन उनलाई धौधौ पऱ्यो ।

बुद्धको मुख चूप रहे पनि उनको अनुहार, उनको चीवर, उनको व्यक्तित्वले राजालाई यसो भनिरहे जस्तो लाग्यो, "महाराज, हिंसा, प्रतिहिंसाको परिणाम अन्त्यमा कहिले पनि भलो हुँदैन । त्यसलाई प्रेम, मैत्री भावले जित्न सक्नुपर्छ । मानिसलाई वास्तवमा मानिस बनाउने गुण यही बहुजनहितको भावना हो ।"

उनले बुद्धलाई भने, "भन्ते, यतातिर राम्रो छहारी दिने रूख छँदाछँदै यो छाँया नभएको रूखमुनि किन बस्नु हुन्छ ? त्यतातिर बस्नु भए हुन्छ नि !"

बुद्धले मुसुक्क हाँस्दै जवाफ दिए, "महाराज, आफ्ना बन्धुहरूको छाँया थोरै भए पनि शीतल हुन्छ ।"

राजा विडूडभ भगवान्को जवाफले अवाक् भए । त्यसको मर्म र आशय बुझ्न उनलाई समय लागेन । उनलाई अरू धेरै सम्झाउनु आवश्यक भएन । केही कुराकानीपछि राजा श्रावस्तीतिर फर्के ।

यसरी बुद्धले शाक्यहरूलाई केही समयको लागि भए पनि विनाशबाट बचाए ।

माथि उल्लेख गरिएका बाहेक अरू कैयन पल्ट बुद्धले शाकयहरूकहाँ आएर धर्मोपदेश दिएका थिए । कपिलवस्तुमा उनले पन्ध्रौं वर्षावास बिताएको, एकपल्ट निक्कै बिरामी भएपछि पूर्ण स्वास्थ्य लाभ गर्न बस्न आएको आदि घटनाहरू यी अवसरमध्येकै हुन् र यस्तो प्रत्येक अवसरमा उनले धर्म–देशना गरेका थिए । त्यस्तै

( क्रमशः १७ पेजमा )

# दिनभर अभिधर्म पाठ सम्पन्न

*२०७८ आश्विन २० गते*

*स्थान- नगदेश बुद्ध विहार, नगदेश ठिमी*

आ-आफ्ना दिवंगत पितृ परिवार जनहरूको पुण्यस्मृतिमा नगदेश बुद्ध विहारका गुरुमांहरू (केशावती, जवनवती र गौतमी) लगायत विहारका ७५ जवान उपासक उपासिकाहरूको संयुक्त आयोजनामा दिनभरी अभिधर्म पाठ कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ। प्रव्रजित गुरुमांहरूबाट पाठ गरिएको उक्त कार्यक्रममा सुजाता गुरुमांले अभिधर्मको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो।


कार्यक्रममा भोजन जलपानको प्रायोजन गर्नुहुने दाताहरूको नामावली यसरी उल्लेख गरिएको छ –

- श्री राम दुगु र मिश्री दुगु
- गीता दुगु


कायक्रममा उपस्थित सम्पूर्ण प्रव्रजित गुरुमांहरूलाई ७५ जना दाताहरूको तर्फबाट दान प्रदान गरी अन्त्यमा दिवंगत पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो।





*'धम्मसङ्गणी पाठ' गर्नुहुँदै गुरुमांहरू जवनवती, विमलाज्ञाणी*




*'धातुकथा' पाठ गर्नुहुँदै गुरुमांहरू अनुपमा, पञ्ञावती*




*'विभङ्ग' पाठ गर्नुहुँदै गुरुमांहरू सुजाता, नन्दावती*





*'पुग्गल पञ्ञति' पाठ गर्नुहुँदै गुरुमांहरू इन्दावती, वीर्यवती*



'कथावत्थु' पाठ गर्नुहुँदै गुरुमांहरू खमेसी, जयवती



'यमक' पाठ गर्नुहुँदै गुरुमांहरू खेमावती, मेत्तावती



'पट्ठान' पाठ गर्नुहुँदै गुरुमांहरू सुमेधावती, जिनवती

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र.सं. | २०७८ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | आश्विन २७ गते, अष्टमी बुधवार | शुभवती | शुभवती |
| २ | कार्तिक १ गते, संक्रान्ति, सोमवार | जवनवती | जवनवती |
| ३ | कार्तिक २ गते, मंगलवार श्रीघः पुन्हि | त्यागवती | - |
| ४ | कार्तिक ३ गते, बुधवार, कतिंपुन्हि | पञ्ञावती | धम्मवती |
| ५ | कार्तिक १२ गते, शुक्रवार अष्टमी | त्यागवती | त्यागवती |
| ६ | कार्तिक १८ गते, औंशी बिहिवार | केशावती | केशावती |

**'शाक्यहरूको माझमा बुद्ध'को बाँकी अंश ...**

कोलीय राज्यको देवदह निगम, उत्तरक निगम, पज्जनिक निगम, कुण्डिका नगरको कुण्डधान वन, हल्लिदवसन आदि ठाउँमा बस्दा बुद्धले अनेकौं सूत्रहरूको व्याख्या गरेका थिए । देवदहमा रहेको बेला उनी लुम्बिनी बनमा पनि बसेको उल्लेख छ । यस्ता अवसरहरूमा बुद्धकहाँ धेरै जसो आएर उपदेश सुनिरहने र आफूलाई स्पष्ट नभएका विषयहरूमा अनेकौं कुरा सोधिरहनेहरूमा महानाम शाक्यको नाउँ विशेष रूपले उल्लेखनीय हुन्छ । उनलाई बुद्धले धेरै कठिन विषयमा उपदेश दिएका थिए यस्तै अवसरमा बुद्ध एकपटक आफ्नै कुलकी एक जना महिला काली गोधाकहाँ भेट्न गएका थिए ।

यहाँ पटक पटक आएर बसेका अवसरहरूमा बुद्धले सूत्र, गाथा, उदान, जातक कथा, प्रश्नोत्तरको रूपमा शाकयहरूलाई दिएका उपदेशहरू प्रशस्त त्रिपिटकमा समाविष्ट छन् । साथै, धम्मपद, जातक अर्थकथाहरूले पनि प्रस्तुत विषयमा ज्वलन्त प्रमाण पुऱ्याइरहेकैछन् ।

यी नै हुन् शाक्यहरूको माझमा भगवान् बुद्ध रहेको बेलाका केही झझल्काहरू । ■



अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*वि.सं. १९९७*
*कार्तिक ११ गते*





*दिवंगत :*
*वि.सं. २०७८*
*आश्विन २८ गते*

# स्व. सूर्यमान तुलाधार

अनन्त गुण दुम्ह जिमिदाई **सूर्यमान तुलाधर**
(अनित्य, दुःख व अनात्म) त्रिलक्षण स्वभाव अनुसार थुगु मनुष्य लोक
तोताः भाल । जिमि दाईया सुगति कामना यासे वय्कःयात
याकन हे निर्वाणया हेतु नं चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।
अथेहे दाईया परिवारया सकल दुजःपिसं संसारया अनित्य स्वभावयात थ्वीकाः
धैर्य धारण याय् फय्मा धकाः आशिका यानाच्वना ।


## क्येहें तारा केशरी ढुंगाना

लाजिम्पाट, काठमाडौं

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. २००६*
*फाल्गुण २० गते*



*दिवंगत :*
*वि.सं. २०७८*
*बैशाख १७ गते*



# दि. अम्बिका देबी सुवाल, सोऱ्ह खुट्टे नयाँबजार

अनन्त गुणले सम्पन्न हाम्री आमा **अम्बिका देबी सुवाल** दिवंगत हुनुभयो । उहाँको परलोक जीवन सुगतिमय बनी निर्वाणको हेतु पनि प्राप्त होस् भन्ने कामनाका साथ हामी सपरिवारबाट पुण्यानुमोदन गर्दछौं ।

*छोरा:* **भगवान् शास्ता सिंह** – *बुहारी:* **हिरा सिंह**

| *छोरीहरू:* | – | *ज्वाइँहरू:* |
|---|---|---|
| **वण्णवती गुरुमां** | – | – |
| **बीणा सिंह श्रेष्ठ** | – | **सुरेश कुमार श्रेष्ठ** |
| **गीता सिंह** | – | **बुद्ध रत्न महर्जन** |
| **रीता सिंह श्रेष्ठ** | – | **सुन्दर कुमार श्रेष्ठ** |

*नाती, नातिनाहरू:*
**हेबि सिंह, हमिस सिंह, सुबिन श्रेष्ठ, सुलक्षण श्रेष्ठ, सुबि श्रेष्ठ, सुदर्शना श्रेष्ठ**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९९१*
*बैशाख १४ गते*

*दिवंगत :*
*वि.सं. २०७७*
*चैत्र २२ गते*

# दिवंगत पूर्णमान शिल्पकार

प्रातः स्मरणिय मेरा जहान **पूर्णमान शिल्पकार** मिति २०७७ चैत्र २२ गते दिवंगत हुनुभयो । यस दुखद घडीमा हामीलाई धैर्य धारण गराउनुभई साथ दिनुभएका, सहयोग गर्नुभएका सम्पूर्ण शुभचिन्तक साथीभाईहरू लगायत नाता कुटुम्वहरूलाई साधुवाद व्यक्त गर्दछौं ।

साथै दिवंगत हुनुभएका मेरा जहानको परलोक जीवन सुगतिमय बनी निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दछौं ।

**जहानः हिरादेवी शिल्पकार**

*छोरीहरू :*

**तिमीला शिल्पकार, डा. रश्मी राजकर्णिकार, सुमन श्री राजकर्णिकार, शोभा शिल्पकार, डा. रचना शिल्पकार**

*ज्याइँहरू :*

**दिप गोविन्द राजकर्णिकार, सुमेश राजकर्णिकार, डा. हेमकुमार**

*नाति, नातिनीहरू :*

**दिरज गोविन्द, सविन, राहुल गोविन्द, स्मृति, आदया, आरभ**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. २००२*
*जेठ २६ गते*

*दिवंगत :*
*वि.सं. २०७८*
*भाद्र ३० गते*

# दिवंगत रवि नारायण मानन्धर

अनन्त गुणं जाःम्ह जि जहान **रवि नारायण मानन्धर** मदुगु निला फुत । थःगु जीवन बुद्ध शिक्षा छ्यलेगुली यक्को कुतः यानाच्वनादीम्ह वय्कःया परलोक जीवन सुगतीमय ज्वीमा । अथेहे निर्वाणया हेतु नं चूलाय्‌मा धकाः आशिका यानाच्वना । जहान मदुगु दुःखगु घडी जिमित धैर्य धारण याकेत गुहाली बियादीपिं सकल थःथिति व पासाभाईपिन्त नं सुभाय बिया च्वना ।

*जहानः* **सीता देवी मानन्धर, तँलाक्षी त्वा, यँ**

*काय्‌पिंः – भौपिंः*

**सुनिल मानन्धर – रजनी मानन्धर**
**अनिल मानन्धर – अञ्जला मानन्धर**

*म्ह्याय् : – जिलाजं :*

**रविना मानन्धर – कुमार खत्री**

*छ्यय्/छुईपिं :*

**स्वस्ती, स्वेता, आर्य, करिना**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९९१ बैशाख १४ गते*

*दिवंगत*
*वि.सं. २०७७ चैत्र २२ गते*

# दिवंगत पूर्णमान शिल्पकार

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य क्र.सं. ३१९ पूर्णमान शिल्पकार दिवंगत हुनुभयो । यस दुखद घडीमा उहाँका परिवार सदस्यहरूले संसारको अनित्य, दुःख र अनात्म (त्रिलक्षण स्वभाव) लाई बुझी धैर्य धारण गर्न सकुन भनी कामना गर्दछौं । यसको साथै उहाँले आफ्नो जीवनकालमा अभ्यास गर्नुभएको दान, शील, ध्यानको पुण्य शक्तिले परलोक जीवन सुगतिमय बन्दै निर्वाणको हेतु प्राप्त गर्न सकुन भनी कामना गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं**

***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।***
***यही नै बुद्धको उपदेश हो ।***

# बिश्व मोटर ट्रेडर्स

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९८१*
*आषाढ ८ गते*

*दिवंगत :*
*वि.सं. २०७८*
*कार्तिक १५ गते, सोमवार*

# **दिवंगत सुगत दास तुलाधर**, कमलाक्षी, असन

पूर्ण हेरा भोजन पुचः धर्मकीर्ति विहारका सदस्य शान्ति देवी तुलाधरका श्रीमान्
**सुगत दास तुलाधर** ९७ वर्षको उमेरमा दिवंगत हुनुभयो ।
बुद्ध शिक्षालाई आफ्नो जीवनमा उतार्दै पुण्य सञ्चय गरिरहनु भएका
उपासक तुलाधरको परलोक जीवन सुगतिमय बनोस् । उहाँले आफ्नो जीवनभर
अभ्यास गरिरहनु भएका दान, शील, ध्यानको माध्यमबाट
सञ्चित पुण्य शक्तिले निर्वाणको हेतु प्राप्त हुनेछ भन्ने कामना गर्छौं ।
यसको साथै उहाँका सपरिवारले पनि यही पुण्यकार्य अंगाल्दै आ-आफ्नो जीवन
सफल पार्नुहुनेछ भन्ने पनि आशा राख्दछौं ।
भवतु सब्ब मंगलम् ।

## **पूर्णहेरा भोजन पुचः**
**धर्मकीर्ति विहार**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९८९*
*आषाढ १५ गते*

*दिवंगत :*
*वि.सं. २०७८*
*आश्विन ९ गते*

# दिवंगत रत्नप्रभा तुलाधर

पूर्ण हेरा भोजन पुचः धर्मकीर्ति विहारका सदस्य **रत्नप्रभा तुलाधर** ८९ वर्षको उमेरमा आफ्नो नश्वर देह त्याग गर्नुभयो । ८९ वर्ष भित्र उहाँले जति पनि पुण्य कार्यगरी पुण्य सञ्चय गर्नुभयो, उक्त पुण्य शक्तिले उहाँको परलोक जीवन सुगतिमय बन्नेछ भन्ने आशा गर्छौं । यसको साथै यस पुण्य शक्तिले उहाँलाई निर्वाणको हेतु पनि लाभ होस् भनी कामना गर्छौं ।
यस दुःखद घडीबाट उहाँका सपरिवारले संसारको तथ्य नियम अनित्यता (यहाँ जन्मेको नै एक दिन मर्नको लागि हो) भन्ने प्राकृतिक नियमलाई बुझी धैर्य धारण गर्न सकुन भन्ने कामना पनि गर्दछौं ।
भवतु सब्ब मंगलम् ।

## पूर्णहेरा भोजन पुचः
**धर्मकीर्ति विहार**

## २६०४ औं संकाश्य दिवस सम्पन्न

*२०७८ कार्तिक ३ गते, बुद्धवार*

नगदेश बौद्ध समूह ठिमीले यसदिन (कतिं पुन्हि, वर्षावास समापन दिन) संकाश्य, दिवस सम्पन्न गरेको समाचार प्राप्त भएको छ । भगवान् बुद्धले सातौं वर्षावास तावतिंस देवलोकमा पुग्नुभई ३ महिनासम्म उहाँकी माता महामायादेवी (दवेलोकमा जन्मलिई सन्तुस्सित देवपुत्र हुनुभएका) को मातृ ऋणबाट मुक्त हुनका लागि अभिधर्म देशना गर्नुभई अशोज पूर्णिमा (कतिं पुन्हि) का दिन वर्षावास सम्पन्न गरी हाल भारत स्थित संकाश्यमा पदार्पण गर्नुभएको मानिन्छ ।

यही उपलक्ष्यमा नगदेश बुद्ध विहारले २६०४ औं संकाश्य दिवस मनाइएको विषयलाई प्राप्त समाचारमा उल्लेख गरिएको छ। समाचार अनुसार उक्त दिन वर्षावासको अन्तिम दिन भएको कारण बुद्धपूजा सम्पन्न गरियो भने श्रद्धेय भिक्षु सुमङ्गलबाट अष्टशील र पञ्चशील प्रार्थना गराउनु भएको थियो। कार्यक्रममा नगदेश बौद्ध समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले संकाश्य एक बुद्ध जीवनीसंग गाँसिएको ऐतिहासिक पवित्र स्थानको रूपमा रहेको चर्चा गर्नुभएको थियो। भिक्षु सुमङ्गलले जीवनोपयोगी धर्मदेशना गर्नुभए पश्चात् सभाका सभापती एवं समूहका अध्यक्ष दीपकराज साँपालले आफ्नो मन्तव्य व्यक्त गरी सभा विसर्जन गर्नुभएको थियो । ✿

## २२८३ औं शस्त्र परित्याग दिवस

*२०७८ असोज २९ गते*

*स्थान- नगदेश बुद्ध विहार, धम्महल*

नगदेश बौद्ध समूहको आयोजनामा एवं थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आह्वानमा २२८३ औं शस्त्र परित्याग दिवस सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

सामूहिक पञ्चशील प्रार्थना पश्चात् शुरु गरिएको उक्त कार्यक्रम समूहका अध्यक्ष उपासक दीपक राज साँपालको अध्यक्षतामा सञ्चालन गरिएको थियो। थेरवाद बौद्ध दायक केन्द्रिय परिषद्का सचिव विष्णु रत्न शाक्यको प्रमुख अतिथित्वमा सञ्चालित उक्त कार्यक्रममा समूहका उपाध्यक्ष कृष्ण कुमार प्रजापतिले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै सम्राट अशोकको योगदान बारे चर्चा गर्नुभएको थियो ।

यसरी नै लुम्बिनी फाउण्डेसनका अध्यक्ष सिद्धार्थ गौतम, प्राध्यापक रामकृष्ण दुवाल, 'शाकाहारी बनौं' अभियानका अभियन्ता विकेश श्रेष्ठ, प्रमुख अतिथि विष्णु रत्न शाक्य, आदिबाट सम्राट अशोकबाट अहिंसाको लागि गरिएको योगदान, एवं शाकाहारीको महत्व आदि विषयमा चर्चा भएको थियो। कार्यक्रमको अन्त्यमा कोषाध्यक्ष रत्न भक्त हाँय्जुले धन्यवाद व्यक्त गर्नुभई सभाध्यक्ष दीपकराज साँपालले आफ्नो मन्तव्य सहित सभा विसर्जन गरिएको उक्त कार्यक्रममा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका तत्कालिन अध्यक्ष बखतबहादुर चित्रकारको परलोक जीवन सुगतिमय बनी निर्वाणको हेतु प्राप्त होस् भनी पुण्यानुमोदन गरिएको थियो । ✿

## बुद्ध प्रतिमा लःल्हाय्गु ज्याभ्वः सम्पन्न



*बुद्ध प्रतिमा दानयासे उपासक मोतिलाल शिल्पकार*

*ने.सं. ११४१ कौलाथ्व पारु, यल*

दाता मोतिलाल शिल्पकार व कृष्ण लक्ष्मी शिल्पकार सपरिवार पाखें श्री अष्ट सद्धर्मायतन विहार, प्याः पुखूयात ४ फिट दुगु बुद्ध प्रतिमा लःल्हाःगु बुखँ प्राप्त जूगु दु। प्राप्त बुखँ अनुसार उगु बुद्ध प्रतिमा लोकेश्वर टोल निसें बाजं थानाः नगर परिक्रमा यासे विहारया अध्यक्ष भन्ते पञ्ञासार स्थविर नापं मेपिं भन्ते गुरुमांपिं व उपासक उपासिकापिनि उपस्थितिस विहारय् बुद्ध प्रतिमा प्रतिस्थापन यानाः बुद्ध पूजा ज्याभ्वः नं सम्पन्न याःगु खः । ✿

आवरण चित्र परिचय

# राहुल

✍ कल्याण मित्र सत्यनारायण गोयन्का
अनुवाद- **वीर्यवती**

महलको बार्दलीमा आफ्नो प्यारो राहुलसंग उभिरहनुभएकी राहुलमाता यशोधराले आफ्नो सामुको राजपथमा श्रमणसंघलाई साथमा लिई हिंडिरहनु भएका राहुलको बुबा भगवान् बुद्धको परिचय यसरी दिनुभयो ।

**"एस हि तुय्ह पिता नरसीहो"**

हेर (बाबु) ! मानिसहरू मध्ये सिंह समान देखिनु भएका प्रभावकारी व्यक्ति तिम्रै बुबा हुनुहुन्छ ।

**"आयतयुत्तसुसण्ठितनासो"**

हेर (बाबु, छोरा) ! उहाँको नाक कति लामो र सुडौल छ ।

**"गोपखुमो अभिनीलसुनेत्तो"**

उहाँको आँखाहरू सुन्दर नीलो रंगका छन् र आँखाका परेलाहरू गाईको जस्तै छन् ।

**"इन्दधनू अभिनीलभमूको"**

उहाँका श्यामवर्णी आँखीभौं इन्दधनुषको आकृती समान् छन् ।

**"वट्टसुवट्ट-सुसण्ठित-गीवो"**

उहाँको गीवा गोलाकार छन्, सुगठित छन् ।

**"सीहहनु मिगराजसरीरो"**

उहाँको ठोडी सिंहको जस्तै छ । यतिमात्र कहाँ हो र ? उहाँको शरीर नै सिंहको जस्तै छ ।

"कञ्चन सुच्छविउत्तमवण्णो"

उहाँको शरीरको सुन्दर छवि स्वर्ण समान उत्तम वर्णको छ ।

**"अञ्जनवण्णसुनीलसुकेसो"**

उहाँको सुन्दर कपाल सरमे समान काला छन् ।

**"कञ्चनपट्टविसुद्धनलाटो"**

उहाँको ललाट विशुद्ध कंचनका पत्ता समान ।

**"ओसधिपण्डरसुद्धसुउण्णो"**

उहाँको आँखी भौंका बीचका रौं औषधी तार समान हल्का पहेँला रंगको छ ।

**"पुण्णससङ्कनिभो मुखवण्णो"**

उहाँको मुखवर्ण आकाशमा चम्किंदै उदाएको पूर्णिमाको चन्द्रमा जस्तै छ ।

**"देवनरान पियो नरनागो"**

उहाँ नररुपी गजराज मानिस र देवताहरूका प्रिय हुनुहुन्छ ।

**"खत्तियसम्भवअग्गकुलीनो"**

उहाँ अग्र व्यक्ति क्षत्रिय कूलमा जन्मनु भएको हो ।

**"देवमनुस्सनमस्सितपादो"**

देव मनुष्यहरू सबैले उहाँको चरणमा वन्दना गर्छन् ।

**"सील समाधिपतिट्ठितचित्तो"**

उहाँको चित्त, शिल समाधिमा राम्ररी प्रतिष्ठित भएको कारणले नै उहाँ यति लोकप्रिय हुनुहुन्छ ।

"गच्छतिनिलपथे विय चन्दो, तारगणापपरिवेठितरुपो"

जसरी आकाशमा ताराहरूको समूहले घेरिएको चन्द्रमा गतिमान हुन्छ ।

**"सावकमज्झगतो समणिन्दो"**

त्यसरी नै श्रमणहरूद्वारा घेरिएका उहाँ गतिमान हुनुहुन्छ ।

**"लोकहिताय गतो नरवीरो"**

जुन व्यक्ति मानिसहरूको समूहमा वीर हुनुहुन्छ, जसले लोकहितको लागि गृहत्याग गरी बाहिरिनु भयो ।

**"एस हि तुय्ह पिता नरसीहो"**

यसरी तिम्रो पिता मानिसहरूको समूहमा सिंह समान हुनुहुन्छ ।

*(- विनयपिटक, सारत्थदीनी टीका ३.२२१-२३)*

यसरी यशोधराले उहाँका पूर्व पतिको परिचय प्रसन्न चित्तका साथ पुत्र राहुललाई सुनाउनु भयो । यस घटनाले प्रष्टाइरहेको छ, पतिको (सिद्धार्थ कुमारको) गृहत्यागले यशोधराको मनमा न कुनै क्रोध छ, न क्षोभ नै छ । शिर्फ श्रद्धा र गर्व झक्लिरहेको छ । जुन लोकहितको लागि उहाँले गृह त्याग गर्नुभयो, त्यस कार्य सफल भयो । उहाँ लोक कल्याण कार्यमा लाग्नुभयो । यशोधरा आफ्नो पुत्र राहुलको मनमा पनि यस्तै आदर्शमय भावना जागुन् भन्ने चाहन्थिन् । त्यसैले होला उहाँले राहुल समक्ष भगवान् बुद्धको सही र गरिमामय परिचय दिइन् ।

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४५३४८५०, ४५३४७५३ | email: newnepalpress011@gmail.com